**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २४ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालको राजधानी कोलकतासहित छेउछाउका क्षेत्रहरू जलमग्न भएपछि करेन्ट फैलिएकाले अहिलेसम्म 10 जनाको मृत्यु भएको छ।

- केन्द्रिय शिक्षा राज्य मन्त्री तथा बंगाल भाजपाका पूर्व अध्यक्ष सुकान्त मजुमदारले मुख्यमन्त्री ममता ब्यनर्जी र राज्यका शहरी विकास मन्त्री फिरहाद हकिममाथि गम्भीर आरोप लगाउनु भएको छ।

- आफ्नै आमाको हत्या गर्ने छोरालाई दार्जीलिङ जिल्ला अदालतले सश्रम आजिवन कारावासको सजाय सुनाएको छ I

- दार्जिलिङका वरिष्ठ नाटककार एंव नाट्य कलाकार जीवन गुरुङलाई दोस्रो मनबहादुर गुरुङ स्मृति सम्मान प्रदान गरिएको छ।

- मौसम विभागले पश्चिम बंगालमा भोलीदेखि फेरि वर्षाको प्रभाव बढ्न सक्ने अनुमान गरेको छ।

**बङ्गाल मृत्यु**

पश्चिम बंगालमा सोमवार अबेर राति भएको भीषण वर्षाले जनजीवन पूर्ण रूपमा अस्त व्यस्त बनाएको छ। राजधानी कोलकातासहित छेउछाउका क्षेत्रहरू जलमग्न छन् र करेन्ट फैलिएकाले अहिलेसम्म 10 जनाको मृत्यु भएको छ। राज्य आपदा प्रबन्धन विभागका एक वरिष्ठ अधिकारीले आज बिहान यसको पुष्टि गर्दै भन्नु भयो , मृतकहरूमा 8 जना कोलकताका रहेका छन्। पानीमा डूबेका नाङ्गो तारको चपेटमा आउँदा करेन्ट लागेर उनीहरूको मृत्यु भएको छ। मृतकहरूको संख्या बढ्ने आशंका छ। मुख्यमन्त्री ममता ब्यानर्जीले यी घटनाहरूको लागि निजी बिजुली आपूर्ति कम्पनी सी.ई.एस.सी.लाई जिम्मेवार ठहराउनु भएको छ। उहाले भन्नु भयो , यदि कम्पनीले संरचना बलियो बनाउने ध्यान दिएको भए यी मृत्युहरूलाई रोक्न सकिने थियो। अर्कोतिर सी.ई.एस.सी. प्रबन्धनले आठ मध्ये अधिकांश घटना घरभित्र खराब वाइरिङका कारण भएको बताएको छ। दुई दुर्घटना करेन्ट लागेर र एउटा सिग्नल कियोस्कमा भएको बताएको छ। यसैबीच विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारी र भाजपा नेता अमित मालवीयले मौसम विभागले अगावै भारी वर्षाको चेताउनी दिएको तर राज्य सरकारले कुनै तयारी नगरेको आरोप लगाएका छन्।

**सुकान्त मजुमदार**

दुर्गा पूजाको माहोलमा कोलकता लगायत सम्पूर्ण पश्चिम बंगालमा भएको वर्षा एवं करेन्ट लागेर दश जना मानिसहरूको मृत्यु भएको घटनालाई लिएर राजनीति तीव्र भएको छ। केन्द्रिय शिक्षा राज्य मन्त्री तथा बंगाल भाजपाका पूर्व अध्यक्ष सुकान्त मजुमदारले मुख्यमन्त्री ममता ब्यनर्जी र राज्यका शहरी विकास मन्त्री फिरहाद हकिममाथि गम्भीर आरोप लगाउनु भएको छ। उहाले भन्नु भयो, राज्य सरकारले वास्तविकतालाई लुकाउनको लागि झुटो फैलाउने काम गरेको छ। श्री मजुमदारले सुकान्त मजुमदारले आज माइक्रो ब्लगिंग साइट एक्समा लेख्नु भयो, दुर्गा पूजाको पावन अवसरमा बंगाल मृत्यु र त्रासदीसित जुझिरहेको समय ममता ब्यानर्जी र उनको टीम भने झुट पस्किन अनि जनताको पीड़ालाई दबाउनमा लागि परेका छन्। यो बंगालको आत्मामा गहिरो आघात हो।

**दार्जीलिंग जिल्ला अदालत**

आफ्नै आमाको हत्या गर्ने छोरालाई दार्जीलिङ जिल्ला अदालतद्वारा सश्रम आजिवन कारावासको सजाय सुनाएको पि पि प्रणय राईले जानकारी गराउनु भएको छ । उहाले आज पत्रकारहरुसंग कुराकानी गर्नु हुदै तक्दाह क्यान्टिमेन्ट निवासी कैलाश थापाले गत वर्षको २६ नोभेम्बरको दिन आफ्नै आमालाई जलाएर निर्मम हत्या गरेको र आज जिल्ला अदालतले अभियुक्त विरुद्ध आजीवन कारावासको सजाय सुनाएको बताउनु भएको छ I

BYTE

**अजय एडवार्ड**

इन्डियन गोर्खा जनशक्ति फ्रंडका प्रमुख संयोजक अजय एडवार्डले गोर्खा जाति टिस्टाको बगरमा डुबिरहेको , भ्रष्टचारको कारण वेरोजगार भइरहेको अनि गोर्खाहरु विरामी आमाको फोटो छातिमा टाँसेर बजारमा भिक माग्न वाध्य बनिरहेको बताउनु भएको छ । हिज मिरिक महकुमाको घियाबारीमा पार्टीको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा श्री एडवार्डले गोर्खा जातिको यही समस्याको समधान गर्न आफुहरू मैदानमा उत्रिएको बताउनु भयो । उहाले चिया श्रमिकहरूका लागि प्रदान गरिने हाजीरामाथि बोल्दै अब पार्टीले पाँच डेसिमल जमिनको विरूद्ध अनि चियाबारीमा यथाशिघ्र न्युनतम ऐन लागु गराउनु पर्ने मागमा पहाड, तराई अनि डुवर्सका जनतालाई साथमा लिएर सडकमा उत्रिने चेतावनी पनि दिनु भएको छ ।

**मनबहादुर गुरुङ स्मृति सम्मान**

दार्जिलिङका वरिष्ठ नाटककार एंव नाट्य कलाकार जीवन गुरुङलाई दोस्रो मनबहादुर गुरुङ स्मृति सम्मान प्रदान गरिएको छ। सोनादा डिग्री कलेज अनि स्वर्गीय मनबहादुर गुरुङ स्मृति प्रतिष्ठानको तत्वावधानमा सोनादास्थित न्यु लाइट क्लबको प्रेक्षागृहमा मनबहादुर गुरुङ स्मृति अन्तर विद्यालय तर्क प्रतियोगिता साथै दार्जीलिङका विशिष्ट नाटककार जीवन गुरुङलाई मनबहादुर गुरुङ स्मृति नाट्य सम्मानले सम्मानित गरिएको छ। कार्यक्रम मनबहादुर गुरुङ स्मृति प्रतिष्ठान सोनादाको संयोजक प्राध्यापक मेघनाथ छेत्रीको अध्यक्षतामा साथै वरिष्ठ साहित्यकार एंव नाटककार नन्द हाङखिमको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। अतिथिहरुका बाहुलीबाट साहित्यकार मनबहादुर गुरुङको तस्वीरमा धुप दीप प्रज्ज्वलन गरी शुरु गरिएको कार्यक्रम युवा कवि नरेश कटुवाल अनि बुध्द राईले सञ्चालन गरेका थिए ।कार्यक्रममा स्वागत सम्भाषण मनबहादुर गुरुङकी सुपुत्री एंव प्रतिष्ठानको तर्फबाट मञ्जरी गुरुङले राख्नु भएको थियो । यसै कार्यक्रममा मनबहादुर गुरुङ स्मृति प्रतिष्ठान सोनादाको पक्षमा दार्जिलिङका वरिष्ठ नाट्य कलाकार जीवन गुरुङलाई दोस्रो मनबहादुर गुरुङ स्मृति सम्मान प्रदान गरिएको छ। यस अवसरमा उहालाई मुख्य अतिथिको रुपमा उपस्थित वरिष्ठ साहित्यकार एंव नाटककार नन्द हाङखिम र अन्य अतिथिहरुका बाहुलीबाट खदार्पणसहित टोपी, दोसल्ला, स्मृति चिन्ह, सम्बर्ध्दना पत्र प्रदान गरेर सम्मान जनाइएको छ। कार्यक्रममा सोनादा क्षेत्रका वरिष्ठ साहित्यकार हरिबहादुर मुखियालाई पनि सम्मान जनाइएको छ।

**हिमालय कला मन्दिर**

हिमालय कला मन्दिरको ७५ औं स्थापना दिवस कौस्तुभ जयन्तीको अवसरमा नाटककार सी ० के० श्रेष्ठ द्वारा लिखित नाटक 'अन्धाहरुको राम कहानी' मन्चन हुने भएको छ। यस नाटकमा नाट्य जगतका ख्यातिप्राप्त कलाकारहरु देवराज शेर्पा , मेनुका प्रधान लगायत अन्य प्रसिद्ध नाट्य कर्मीहरुको अभिनय रहेको छ जसको अहिले धमाधम अभ्यास चलि रहेको छ। आगमी २८ सेप्टेम्बर २०२५ आइतबारको दिन हुने कौस्तुभ जयन्तीको यस कार्यक्रममा कला मन्दिरको स्मारिका पनि बिमोचन हुने छ भने सम्मान कार्यक्रम पनि रहेको छ। गोर्खा दु:ख निवारक सम्मेलन भवनमा बिहान ११ बजे देखि स्थापना दिवस कौस्तुभ जयन्तीको कार्यक्रम सम्पन्न हुने जानकारी अध्यक्ष बसन्त छेत्री अनि सचिव पुरन गुरुङले दिएका छन् I

**श्रमिक विरोध प्रदर्शन**

नक्सलबारीको अटल चिया बगानको सातभैया डिभिजनका चिया श्रमिकहरुले पूजा बोनसको विरोधमा आज सडक अवरुद्ध गरे। श्रमिकहरुले पुजाको मुखैमा पनि अधिकारीहरूले बोनस नदिएको आरोप लगाए। यसबाट आक्रोशित भएर कामदारहरूले काम रोके, कार्यालय अगाडि धर्ना दिए र पछि सिलगढी-बिहार राष्ट्रिय राजमार्ग अवरुद्ध गरे। मालिक पक्षले १५

प्रतिशत बोनस दिने वाचा गरे तापनि  बोनस अझै वितरण नगरिएको श्रमिकहरुको आरोप छ।  यही कारणले गर्दा कामदारहरू विरोधमा सामेल भए। आन्दोलनको कारण केही समय  यातायात अवरुद्ध भएको थियो I तथापी पछि पुलिसले श्रमिकहरुलाई आश्वासन दिएपछि, यातायात सुचारु भएको छ I

**चन्द्रनाथ सिन्हा**

पश्चिम बंगालको चर्चित  स्कूल भर्ती घोटालासँग सम्बन्धित मनी लान्ड्रिंग मुद्दामा मन्त्री चन्द्रनाथ सिन्हालाई ठूलो राहत मिलेको छ। आज  कोलकाताको विशेष पी.एम.एल.ए अदालतले प्रवर्तन निर्देशनालय (ईडी) को हिरासतको निवेदन अस्वीकार गऱ्यो। ईडीले सिन्हाको सात दिनको हिरासतको माग गरेको थियो। अदालतले अर्को सुनुवाइसम्म मन्त्रीको अन्तरिम जमानत बढाएको छ।

BYTE

*यद्यपि, अदालतले स्पष्ट रूपमा निर्देशन दिएको छ, सिन्हा यस हप्ता बिहीबार र शुक्रबार कोलकाताको ईडी कार्यालयमा सोधपुछको लागि उपस्थित हुनुपर्नेछ र अनुसन्धान एजेन्सीलाई सहयोग गर्नुपर्नेछ। फैसलापछि मिडियासँग कुरा गर्दै मन्त्री चन्द्रनाथ सिन्हालेभन्नु भयो , "मलाई देशको न्यायपालिकामा पूर्ण विश्वास छ। मैले केही गलत गरेको छैन।" चन्द्रनाथ सिन्हा पश्चिम बंगाल सरकारको कारागार सेवा, साना, सूक्ष्म तथा मझौला उद्यम र कपडा मन्त्री हुन्। उहाले ६ सेप्टेम्बरमा सोही अदालतमा आत्मसमर्पण गर्नु भएको थियो। त्यतिबेला अदालतले उहालाई १०,००० रुपैयाँको व्यक्तिगत बन्डमा अन्तरिम जमानत दिएको थियो।*

*********